सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १४२ ♦ २०८० साल माघ २८ गते आइतवार ♦ 11 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेश प्रदेश सभा बिजनेसविहीन, २ महिनादेखि बैठक बस्न सकेन



**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, महेन्द्रनगर**

मधेश प्रदेश सभा बिजनेसविहीन छ ।

सरकारले बिजनेस नदिंदा दुई महिनादेखि प्रदेश सभा बैठक बस्न सकेको छैन ।

गत मंसिर २० गते दोस्रो अधिवेशनको एघारौं बैठक बसेर स्थगित भएको प्रदेश सभा फेरि बस्न सकेको छैन ।

सरकारले बिजनेस नदिंदा प्रदेश सभा बैठक बस्न नसकेको सभामुख रामचन्द्र मण्डल बताउँछन् । 'सरकारले बिजनेस नै दिन नसक्दा प्रदेश सभा बैठक बस्न नसकेको हो । अब प्रदेश सभामा समितिहरुमै छलफलमा रहेको विधेयकहरुमाथि विमर्श गरेर प्रदेश सभा बैठक आह्वान गर्छौं,' सभामुख मण्डलले भने । १५ पुस २०७९ मा प्रदेश सभाका दोस्रो कार्यकालका लागि चुनिएका प्रदेश सांसदले शपथ लिएयता पहिले अधिवेशनको ३६ वटा र दोस्रो अधिवेशनको ११ गरी मात्र ४७ वटा बैठक बसेको छ । यस अवधिमा ९ वटा विधेयक प्रदेश सभामा पेस भयो ।

जसमध्ये मधेश प्रदेशको केही ऐन संशोधन गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८०, र मधेश प्रदेश विनियोजन विधेयक २०८० मात्र पारित हुन सकेको छ । जबकि आर्थिक र विनियोजन विधेयकलाई गनना गरिने गरिने चलन छैन ।

प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बाल अधिकार ऐन २०७९ को पहिलो संशोधन, मधेश प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश कृषि विकास विधेयक २०८० र स्थानीय सेवाको गठन, संचालन र सेवा सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० संसदीय समितिहरुमा छलफलको क्रममा रहेकमो सभामुख मण्डल बताउँछन् ।

संसदीय समिति पनि ढिलाइ गरी पूर्णता पाउँदा विधेयक छलफल भएर पास हुन नसकेको सभामुख मण्डलको तर्क छ । कात्तिक १४ मा मात्रै मधेश प्रदेश सभाको सातवटै संसदीय समितिको सभापति चयनले पूर्णता पाएको थियो ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेका संसदीय दलका उपनेता दिपेन्द्र ठाकुरले प्रदेश सभा संचालनका लागि सरकारलाई बिजनेस दिन दबाब दिने गरेको बताए ।

'बिजनेस दिन सरकारलाई भन्ने गरेका छौं । आजै पनि मुख्यमन्त्रीलाई भेटेर मैले प्रदेश सभा बैठक अन्योल छ। बिजनेस दिनु पर्‍यो भनेर आग्रह गरें । सभामुखजीलाई पनि आग्रह गरेको छु,' उनले भने, 'मुख्यमन्त्री र सभामुखले अब चाँडै बैठक बोलाउँछौ भन्नुभयो। अब विश्वासको मत लिन पनि मुख्यमन्त्रीजीलाई बैठक बोलाउनु पर्ने बाध्यता छ ।'

बिजनेसको लागि प्रदेश सभामा विभिन्न विधेयकहरु बाँकी नै रहको मधेश सरकारका प्रवक्तासमेत रहेको गृह संचार तथा कानुनमन्त्री मोहम्मद समिम बताउँछन् ।

अब मुख्यमन्त्री सरोजुकमार यादवले विश्वासको मत लिएपछि निरन्तर प्रदेश सभा बैठक चल्नेसमेत उनले बताए । 'प्रदेश सभामा विधेयक बाँकी छ । टेबुल भएकै छ,' मन्त्री समिमले भने, 'केही विधेयकहरु

बाँकी पृष्ठ २ मा

## संघीय धर्म निरपेक्ष गणतान्त्रीक व्यवस्था असफल भई सके : राप्रपा अध्यक्ष थापा



**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, महोत्तरी**

राप्रपा नेपालका अध्यक्ष कमल थापाले अहिलेको आवश्यक्ता र ाजा सहितको प्रजातान्त्रिक हिन्दु राष्ट्र रहेको बताएका छन् । महोत्तरीको जलेश्वरस्थित

बाँकी पृष्ठ २ मा




सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

## संघीय धर्म निरपेक्ष गणतान्त्रीक .....

जिल्ला स्तरीय पार्टी प्रशिक्षणका लागि पुग्नु अघि थापाले शनिवार जनकपुरधाममा एक पत्रकार सम्मेलनको आयोजना गरी अहिलेको संघीय गणतन्त्र भ्रष्टतन्त्र र लुटतन्त्र व्यवस्थामा रुपान्तरण भईसकेकाले जनताले यसको विकल्पको खोजीमा लागि सकेको दावी गरे ।

अध्यक्ष थापाले संघीय धर्म निर पेक्ष गणतान्त्रीक व्यवस्था असफल भई सकेको बताउँदै थापाले राजा सहितको प्रजातान्त्रिक हिन्दुराष्ट्र सहितको व्यवस्थाका लागि जनआन्दोलनको तयारीमा जुट्न आग्रह गरे । उनले भने, ' प्रादेशिक संरचनाले मुलुकको अर्थतन्त्र एकदमै कमजोर भइसकेकाले यसको सुधारका लागि फजुल खर्च नियन्त्रण गर्नुपर्छ । त्यसका लागि प्रदेश स्तरीय संरचना खारेज गर्नु नै गर्नु पर्छ।'

उनले सहमतिकै आधारमा विद्यमान संविधानमै प्रादेशिक संरचना खारेज गरेर केन्द्रमा बलियो सरकार र स्थानीय तहलाई थप अधिकारसहित मजबूत सरकार सहित दुई तहको सरकारको परिकल्पना गर्न सकिने बताए ।

अध्यक्ष थापाले सनातन धर्मसंस्कृती संकटमा परेको, मुलुकको आर्थिक अवस्था कमजोर हुँदै गईरहेको, विदेशी चलखेल र प्रभाव बढेको भन्दै हिन्दु धर्ममाथिको अपमान र थिचोमिचो सहन नसकिने बताए ।

## मधेश प्रदेश सभा....

प्रदेश सभामा पेस गर्न तयार पारेर पनि राखिएको छ ।'

गत माघ ९ गते जनमतका दुई मन्त्रीले मधेश प्रदेश सरकार बाट समर्थन फिर्ता लिंदै र ाजीनामा दिएका थिए ।

उनको स्पष्ट बहुमत रहेपनि सत्तामा रहेका दल सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिंदा ३० दिनभित्र पुन: विश्वासको मत मुख्यमन्त्रीले लिनु पर्ने कानुनी व्यवस्था छ ।

अब बस्ने प्रदेश सभा बैठकमा संसदस्य समितिमा छलफको क्रममा रहेको विधेयकहरु पास हुने प्रदेश सभा सचिवालयले जनाएको छ ।

त्यस्तै मधेश प्रदेशसभामा सर कारको अवैध रकमान्तरण छानबिन गर्न बनेको विशेष संसदीय छानबिन समितिले समेत आफ्नो प्रतिवेदन पेस गर्ने तयारी छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको माग अनुसार २६ असारमा मधेश प्रदेश सभाले गठन गरेको १० सदस्यीय छानबिन समितिले प्रतिवेदनलाई अन्तिम रुपदिन लागेको छ ।

शुक्रबार पनि मधेश प्रदेश सभामा विशेष संसदीय छानबिन समितिको बैठक बसेको थियो । अब प्रतिवेदनलाई अन्तिम रुप दिन लागेको र अब बस्ने प्रदेश सभा बैठकमा प्रतिवेदन बुझाउने तयारी रहेको छानबिन समितिका सदस्यसमेत रहेको एमाले दलका उपनेता दिपेन्द्र ठकुरले बताए ।

लोसपाका प्रदेश सांसद उपेन्द्र महतोको नेतृत्वमा रहेको समितिले आर्थमन्त्री संजयकुमार यादव र उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादवमाथि छानबिन गरिरहेको छ ।

काम थालेको दुई महिनाभित्र प्रतिवेदन बुझाउनु पर्ने समिति अझैसम्म बुझाएको छैन ।

## २ बर्षदेखी हराएको छोरा.....................

हैन उन्को श्रीमान डम्बर बहादुर लाई पनि लौरोको सहारा चाहिन्छ ।

जेठा छोरा र माईलो छोरा भिन्नै घर बनाएर बसेका छन । यतिको उमेरमा पनि दुर्गा कुमारी आफै खाना पकाउछिन । ''छोराको फर्कने आशाले कहिलेकाही उर्जा पनि मिल्छ ।'' उनी भन्छिन ।

सरकारले पनि छोराको खोजी गरिदिओस भन्ने दुर्गा कुमारीको अपेक्षा छ । ''कि सास, कि लासको एकिन गर्दिनुपर्‍यो नी ।'' उनले भनिन ।

भाइ हराएपछी दाजु गोबिन्दले पनि धेरै खोजी नगरेका हैनन ।

संक्रमणकालीन अवस्थामा उन्ले माओवादी कमाण्डरहरुसगँ सम्पर्क गरेर भाईको एकिन गरेका थिए भने आर्मी, प्रहरीका उच्च पदस्थ व्यक्तित्वसँग पनि सोधपुछ गरे । तर भाईको बिषयमा कसैले एकिन बिस्वास दिलाउन सकेनन ।

वेपत्ता छोराको फर्किने आशामा नै दुर्गा कुमारीले अंशबण्डा पनि गरेकी छैनन । ''जेठो र माईलाले अव भाग लगाउनुपर्छ भन्छन तर मा मानेकी छैन ।'' उनले भनिन । ''कमसेक एकिन त हुनुपर्‍यो नी मरेको र वाचेको ।'

संक्रमणकालीन अवास्थामा वेपत्ता भएकाहरुको छानविन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश २०६९ समेत जारी भएको छ तर उक्त समयमा वेपत्ता भएकाहरुको नाम समेत सुचिकृत गरिएको छैन । आयोगमा अहिलेसम्म र ामवावु जस्ता वेपत्ता भएका परि वारले ३२८८ उजुरी दर्ता भएको वेपत्ता पारिएका छानविन आयोगले जनाएको छ ।



आयोगमा दर्ता भएका ३२८८ उजुरी मध्ये ४१४ उजुरीहरु सत्य निरुपण तथा मेलगमलाप आयोगको क्षेत्राधिकार पर्नेगरी पठाईएकोमा १३७ उजुरीहरु फिर्ता आएको आयोगले अभिलेखमा उल्लेख छ । जसमध्ये १३६ उजुरी दोहोरो परेको हुनाले लागताकट्टा गरिएको२९२ तामेलीमा राखिएको, ४८ उजुरी आयोगवाट निर्णय भएर स्थिति सार्वजनिक गरिएको, ७५३ उजुरी फर्स्यौट भएको र तामेलीमा राखिएका मध्ये ८ उजुरीहरुको कारवाही प्रक्रिया अगाडी बढाइएको आर्थिक वर्ष २०७९/८० मा सार्वाजनिक गरिएको विवरणमा जनाएको छ ।

मधेश प्रदेशको पनि अहिलेसम्म २१५ उजुरी परेको आयोगले जनआएको छ । जसमध्ये बिस्तृत छानविनको लागी १५३, पार ाम्भिक छानविनको लागी ७ वटा, तामेलीमा राखिएको १२ वटा, दोहोरो परेर लागत कट्टा गरिएको ६ वटा, सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाईएको ३३ वटा छन् । जसमध्ये ४ वटा उजुरीको भने स्थिति सार्वजनिक भईसकेको छ ।

तर सुचनाको पँहुच तथा सरोकारवालाहरुको वेवास्ताले न रामवावु जस्ता वेपत्ता व्यक्तिहरुको खोजबिन भएको छ न त कुनै अभिलेख नै राखिएको छ । त्यसैले आमा दुर्गा कुमारी लगायत सम्पूर्ण परिवारको वेपत्ता रामवावुको स्थिति सार्वजनिक गर्न माग गरेका छन् ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रगतिशील लेखक संघ मधेसको अध्यक्षमा घिमिरे सर्वसम्मत




**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, बर्दिवास**

प्रगतिशील लेखक संघ मधेस प्रदेशको अध्यक्षमा नारायण घिमिरे चयन भएका छन् । शनिबार बर्दिवासमा सम्पन्न संघको दोश्रो प्रदेश सम्मेलनबाट घिमिरे सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् ।

प्रगतिशील लेखक संघ मधेसको अध्यक्षमा घिमिरे सर्वसम्मत सम्मेलनले १७ सदस्यीय प्रदेश कमिटी गठन गरेको छ । समितिको उपाध्यक्षमा धनुषाबाट किरण झा, रुद्रसेन विश्वकर्मा, सचिव भिम कुमार राउत, सहसचिव मिना देवकोटा, कोषाध्यक्ष फुलगेन मगही चयन भएका छन् ।

सदस्यहरुमा भैरव प्रसाद गेलाल, चन्द्रमणि पौडेल, मुरलीप्रसाद यादव, मुकुन्द पौडेल, विजय रि जाल, जीवसी उदासी लगायत सबै सदस्य तथा पदाधिकारी सर्वसम्मतनै चयन गरिएको निर्वाचन समितिका संयोजक संघका उपमहासचिव तथा मधेस प्रदेश इन्चार्ज बालमुकुन्द कार्कीले जानकारी दिए ।

मधेसका ८ वटै जिल्लाबाट दुई दुई जना रहनेगरी समिति गठन भएको कार्कीले बताए । नवनिर्वाचित अध्यक्ष घिमिरेले मधेसमा प्रगतिशील लेखक संघको भुमिका अब सशक्त हुने बताएका छन् ।

सामाजिक अन्यायका विरुद्ध प्रगतिशील लेखकका कलम चल्ल जरुरी रहेकाले अब मधेसमा रहेका बेथिति विरुद्ध कलम चलाउने र काम गर्ने घिमिरेले बताए । सम्मेलनमा नेपालमा बामपंथी एकता नभएको प्रती बक्ताहरुले चिन्ता ब्यक्त गरेका छन् ।

प्रगतिशील साहित्य विचार प्रधान हुने भएकाले विचार विनाको साहित्य प्रगतिशील हुन नसक्ने संघका केन्द्रीय महासचिव डाक्टर डेवी दुलालले बताए । विचार र कला मार्फत समाजमा सकारात्मक रुपान्तरण ल्याउन सक्नु प्रगतिशील लेखन र साहित्यको मुल मर्म भएको दुलालले बताए । सम्मेलनमा मधेस प्रदेश,वागमती प्रदेश र कोशी प्रदेशबाट प्रगतिशील लेखक तथा साहित्यकारहरुको उपस्थिति रहेको थियो ।

# रोहित, देव र अनिलको उत्कृष्ट ब्याटिङ, नेपालले जित्यो सिरिज



**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, काठमाण्डौं**

कप्तान रोहितकुमार पौडेल, देव खनाल र अनिल साहले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेपछि नेपालले क्यानडाविरुद्धको एकदिवसीय सिरिजमा लगातार दोस्रो जित निकालेको छ।

शनिबार कीर्तिपुरस्थित टियू मैदानमा भएको खेलमा तीनै ब्याट्स्म्यानले अर्धशतक प्रहार गरेपछि नेपालले क्यानडामाथि ४ विकेटको सहज जित निकाल्यो।यो जितसँगै नेपालले तीन खेलको एकदिवसीय सिरिज जितेको छ। यसअघि बिहीबार भएको पहिलो खेल नेपालले ७ रनले जितेको थियो। टियू मैदानमा एकदिवसीय क्रिकेटमा नेपालको यो लागतार १२औं जित हो।

क्यानडाले दिएको २८६ रनको ठूलो लक्ष्य नेपालले ४५.१ ओभर मा ६ विकेट गुमाउँदै भेट्टायो। नेपालका लागि रोहितले सर्वाधिक ८७ रन बनाए। उनले १०१ बलमा ८ चौका १ छक्का प्रहार गरे। यस्तै, लामो समयपछि राष्ट्रिय टिममा पुनरागमन गरेका देवले ८१ कमा ७ चौका र २ छक्का प्रहार गर्दै ७६ रन बनाए। यी दुईले तेस्रो विकेटका लागि १५० रनको उत्कृष्ट साझेदारी गर्दै नेपाललाई सहज अवस्थामा लगेका थिए।

त्यसअघि टिममा पुनरागमन गरेका अर्का खेलाडी अनिलले विस्फोटक ब्याटिङ गर्दै नेपाललाई उत्कृष्ट सुरुआत दिलाएका थिए। उनले २० बलमा ७ चौका र ३ छक्का प्रहार गर्दै ५० रन बनाए। १९ बलमा अर्धशतक बनाएका उनी एकदिवसीयमा नेपालका लागि सर्वाधिक छिटो अर्धशतक बनाउने खेलाडी बने। यस्तै, भीम सार्कीले २३, पवन सर फिले १४ रन बनाए।क्यानडाका हर्ष थाकेर र इश्वरजोत सोहीले समान २ विकेट लिँदा दिलप्रित बाज्वा र साद विन जाफरले समान १ विकेट लिए।त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २८५ रन बनायो। उसका लागि ओपनर आरोन जोनसनले ६२ बलमा १० चौका र २ छक्का मद्दतमा सर्वाधिक ६५ रन बनाए।त्यस्तै अर्का ओपनर नवनित ढालिवाले ६० बलमा ४६ रन बनाए। यी दुईले पहिलो विकेटका लागि ९४ रनको साझेदारी गर्दै क्यानडालाइ उत्कृष्ट सुरूवात दिलाएका थिए।यस्तै विकेट किपर ब्याट्सम्यान श्रेयस मोवाले ४२ बलमा ४०, पार्गत सिंहले ३८ बलमा ३८ तथा निकोलस किर्तोन र उदय भगवानले समान २० रनको योगदान दिए।नेपालका लागि कप्तान रोहित र कुशल मल्लले समान २ विकेट लिँदा डेब्यू खेलाडी आकाश चन्दा, पवन सर्राफ, सूर्य तामाङ र सोमपाल कामीले समान १ विकेट लिए।

# साहित्य महोत्सवको रंगमा रंगीयो जनकपुरधाम



**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, महेन्द्रनगर**

यतिबेला जनकपुर पुनः साहित्य महोत्सवको रंगमा रंगीन थालिएको छ। जनकपुर साहित्य महोत्सवको पांचौ संस्करणको तैयारी द्रुत गतिमा अगाडि बढेको छ। यसै क्रममा जनकपुरधाम( नव मिथिला फाउन्डेशनको आयोजनामा आज कला र शिल्प (आर्ट एंड क्राफ्ट) प्रतियोगिता सम्पन्न भएको छ। जनकपुरको नोचा पोखरि डिलमा स(सना विद्यार्थीहरू कला(शिल्प प्रदर्शन गरेका छन । कार्यक्रममा जनकपुरधामका मेयर मनोज साहले प्रमुख अतिथिको रुपमा संबोधन गर्दै छात्र(छात्रालाइ आफुभित्र रहेको क्षमता र शिप देखाउने यो राम्रो अबशर रहेको बताउनु भ ।

प्रमुख साहले सहभागी छात्र( छात्रालाइ बधाई दिदै कार्यक्रमका आयोजक नव मिथिला फाउन्डेशनलाइ यस्ता आयोजनको निरन्तरता दि न शुभ्काएका थिए। प्रतियोगितामा जनकपुरधाममा निजी तथा सामुदायिक विद्यालयबाट ३५ जना छात्र छात्राले सहभागिता जनाएका थिए । प्रतिस्पर्धाबाट उत्कृष्ठ प्रथम , तृतिय र तृतीयलाइ फाल्गुन १२ गते आयोजन हुने जनकपुर साहित्य महोत्सवको प्रमुख मंच मैं पुर स्कृत गर्ने कार्यक्रम रहेको संस्थाका अध्यक्ष अमित साहले जनाए । कार्यक्रममा गायक ललित कामतले सहभागी छात्र( छात्राको मनोवल बढाउन मैथिली लोकगीत गाएर हौशला बढाएका थिए। गायक कामत सहित पत्रकार विकास साह, मिश्रीलाल मधुकर, युवा नेता र ाकेश विक्रम साह, वडा सदस्य नीतू मल्लीक , निर्णायक मण्डलका विजय दत्त मणि लगायतलाइ संस्थाले सम्मान समेत गरेका थिए । कला र शिल्पमा प्रथम हुनेलाइ २१ हजार, तृतीयलाइ ११ हजार र तृतीयलाइ ५ हजार १ सय नगद सहित कदर पत्र प्रदान गरिने छ।



# २२ बर्षदेखी हराएको छोरा खोज्दै ८५ बर्षीय आमा

**विशाल बस्नेत**

**माघ २७ गते, बर्दिवास**

रामवावु कार्की विहानै उठेर आमावुवालाई ब्युझाउदा बाहिर सिरसिर बतास चलीरहेको थियो। पानी पर्ला जसरी आकाश अन्धकार देखिन्थ्यो ।

आमा दुर्गा कुमारी कार्कीलाई २०५९ साल जेठ २० गतेको त्यो दिन छोराले रेडियो वजाउदै समाचार सुनिरहेको अझै ताजा छ ।

संक्रमणकालिन उक्त समयमा दुर्गा कुमारीले परैवाट रेडियोमा आर्मी र माओवादीविच भिडन्त भएको र मानिसहरु मरिरहेको सुनिन। समाचार सकिसकेपछी रामवावु नजिकै आएर भने - ''आमा म ठूलो दाजुलाई भेटन लमजुङ जान्छु ।''

रामबाबू केहीदिन अगाडिमात्र काठमाण्डौबाट क्याम्पस विदाको मौका पारेर घर आएका थिए । त्यतिवेला गाउँमा युवाहरु कोहीपनी थिएनन । भएका युवाहरु कोही विदेश पलायन भएका थिए भने कतिपयलाई माओवादीले सशस्त्र युद्धमा सहभागी वनाउन जंगल लगेको थियो। थोरै युवाहरुले मात्र आर्मी, प्रहरीमा जागीर खाएका थिए । त्यैपनी रामवावुले जेठो दाजुलाई भेटन बेसिशहर जाने नै जिद्दी गर्न थाले ।



यति टाढा उक्त भयावह अवस्थामा २२ बर्षिय कान्छो छोरा रामवावुलाई पठाउन आमाको मन पटक्कै मानेको त थिएन तर छोराको जिद्दीको अगाडि दुर्गा कुमारीको केही लागेन ।

आकाश अन्धकार भएर पानी झर्न मात्र वाकी थियो प्रतिकुल वातावरणका वावजुत पनि दाजु गोबिन्द कार्कीलाई भेटन आमा, वुवासगँ विदाई भएर छुटेका छोरा एकाएक हराए। भाई भेटन आएको समाचार थाहा पाएपछी प्रतिक्षामा रहेका न दाजुले भाईलाई भेटन पाए न त घर फर्किएर नै गए ।

लमजुङको बेसिसहर दाजुलाई भेटन गएका भाइ रामवावु २२ बर्षदेखी घर फर्किएका छैनन । उनी कहाँ छन ?, कसरी हराए ?, मरेका होलान कि वाचेका होलान ? परिवारलाई चासो र चिन्ता त्यतिकै छ ।

अझ ८४ बर्षिय आमा छोरा घर आउने आशा बोकेर वाचिरहेकी छन । ''बुढेसकाल भयो, आज मर्छु कि भोलि मर्छु जस्तो भएको छ, कमसेकम छोराको मुख हेरेर मर्न पाए स्वर्ग पुग्थे होला ।'' गहभरी आँसु वनाउदै दुर्गा कुमारीले भनिन । ''मरेको प्रमाणित भए वरु क्रिया गर्थे ।''

रामवावुका दुई दाजुहरु छन । माईलो दाजु मोहन कार्केर नेपाल आर्मीवाट रिटायर्ड भएका हुन भने जेठा दाजु गोबिन्द कार्की बिधुत प्राधिकरणवाट रिटायर्ड हुन ।

दाजुहरुको जागीर कै कारणले रामवावुलाई पढाईलेखाईमा त्यति समस्या पनि थिएन । काठमाण्डौको एक क्याम्पसमा डिप्लोमा अध्यन गर्दै गरेका रामवावुको बिषयमा परिवारले नराम्रो कहिल्यै सुनेनन ।

दुर्गा कुमारीले वेपत्ता छोराको खोजी गरिदिन धेरै सरकारी संयन्त्रहरुलाई हारगुहार पनि नगरेकी हैनन तर काहींकत्तैवाट सुनुवाई नभएपछी छोरा फर्कने आशा आजकाल उन्को झिनो बन्दै गएको छ ।

''आजकाल मोबाइलमा मान्छेहरु धमाधम भेटिएको देखिन्छ त्यही भएर मिडियामा आए ।'' दुर्गा कुमारीले भनिन । ''अब अन्तिम आशा तपाईहरु नै हो ।''

कतिपयले आफन्तहरुले रामवावुलाई आर्मी वा माओवादीले बाटैमा मारिसक्यो भनेर पनि सुनाउछन तर दुर्गा कुमारीलाई अहिलेपनी छोरा कतै ज्युउदै छ भन्ने लाग्छ ।

रामवावुका वुवा डम्बर बहादुर कार्कीलाई पनि श्रीमतिले भनेजस्तै छोरा ज्युउदै नै छन भन्ने लाग्छ । ''कमसेकम यो समाचार हेरिसकेपछी कान्छो हामिलाई सम्झेर आओस ।'' उन्ले भने ।

लमजुङ्गमा अझ सरकारी र बिद्रोही पक्षको वेला-वेलामा झडप भैइरहन्थ्यो । जिल्लाको कतिपय ठाउँमा त त्यतिवेला कयौ मानिसहरु मरेको समाचार पनि सुनिन्थ्यो। त्यसैले धेरै जनाले उक्त सक्रमणकालिन अवस्थामा लमजुङ्ग जादा दोहोरो भिडन्तको क्रममा कतै मऱ्यो कि भन्ने पनि आशंका गर्छन ।

परिवारलाई भने पत्यार नै लाग्दैन । ''मेरो हृदयले भन्छ छोरा घर फर्केर आउँछ।'' दुर्गा कुमारीले भनिन। ''अब भरोसा वावुहरुको नै छ, समाचार हेरेर भएपनी छोरा घर फर्कनेछ ।'' दुर्गा कुमारी आजकाल पहिलाजसरी हिडडुल पनि गर्न सक्दिनन । लौरोको सहाराले यताउता हिडने उनीलाई मात्र

*बाँकी पृष्ठ ३ मा*


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**क्षीरेश्वनाथ नगरपालिका, धनुषा**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**औरही नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं.
- दैनिक घाम ताप्ने गरौं।

**औरही गाउँपालिका, धनुषा**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं.
- दैनिक घाम ताप्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा